## मर्चवारीमाई गाउँपालिका

## स्थानीय राजपत्र

वर्षः २०८२ मर्चवारीमाई गाउँपालिका    संख्याः ४    मितिः २०८२/९/२५


# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२


मर्चवारीमाई गाउँपालिका

खैरा, रुपन्देही

**गाउँ कार्यपालिकाको पारित मितिः**

**प्रमाणीकरण मितिः**

# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावनाः** नेपालको संविधान बमोजिम स्थानिय तहको अधिकार सम्बन्धि व्यवस्था कार्यान्वयन गर्न, तथा संघ प्रदेश र स्थानिय तह विचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धवन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनश्चित गरी सुलभ र गुणस्तरिय सेवा प्रवाह गर्न लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजावद उन्मुख सङघिय लोकतन्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानिय तहदेखि नै सुदृण गरी स्थानिय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानिय सरकारको कृषि विकास कार्यक्रम संञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानिय सरकार संञ्चालन ऐन, २०७४ बमोजिम यो कार्यविधि बनाएको छ ।

## परीच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** **(१)** यस कार्यविधिको नाम कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**(क) "अनुदान"** भन्नाले यस गाउँपालिका वाट विनियोजित वजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिबृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, बिविधिकरण, व्यसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट

अनुदानग्राहीलाई प्रचलित कानुन अनुसार लेखा राख्ने लगायतका वित्तिय उत्तरदायित्व वहन गर्ने गरी सञ्चालन गरिने कार्यक्रमहरुको लागि गाउँपालिका र मातहातका कार्यलयवाट प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराईने विभिन्न कृषि समाग्री उपकरण र जिन्सी समेतलाई सम्झनु पर्छ ।

**(ख) "अनुदानग्राही/लक्षित वर्ग"** भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्नेकृषक/फार्म/कृषिउद्यमी/कम्पनी/कृषकसमूह/सहकारी/कृषिसहकारी/उप भोक्ता समिति/कृषि संग सम्बन्धित समिति/ कृषि व्यवसायीहरु र संघ संस्थालाई सम्झनु पर्छ ।

**(ग) "उपभोक्ता समिति"** भन्नाले कृषि, पशुपन्छी, सिंचाई कार्य गर्ने गरी कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ ।

**(घ) "कम्पनी"** भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने प्रचलित कानून बमोजिम दर्ता भएका प्राइभेट वा पब्लिक कम्पनीलाई सम्झनु पर्छ ।

**(ङ) "कार्यक्रम"** भन्नाले यस कार्यविधि अनुसार कृषि संग सम्बन्धित विभिन्न क्रियाकलाप कार्यक्रमलाई सम्झनु पर्छ ।

**(च) "कृषि"** शब्दले बाली, बागवानी, ब्यवसायिक कीट आदिका उप-क्षेत्रसंग सम्बन्धित उत्पादन, प्रशोधन उद्योग एवं व्यवसायलाई सम्झनुपर्छ ।

**(छ) "कृषि सामाग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, वीउ, बेर्ना, बिरुवा, विषादी, जैविक पदार्थ तथा हार्मोन, कृषि चुन तथा रसायन, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार, उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य समाग्री/वस्तुलाई सम्झनुपर्छ

**(ज) "कृषि उपज"** भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रुपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफुल, तरकारी, तेलवाली, मसलाबाली, पुष्प, पशुपन्छी, माछा, मासु, दूध, फुल, हाड, छाला, ऊन, च्याउ, मौरी लगायत अन्य कृषि संग सम्बन्धित उत्पादन हुने बस्तुहरु सम्झनुपर्छ ।

**(झ) "सार्वजनिक पूर्वाधर"** भन्नाले सार्वजनिक निकायवाट निर्माण हुने बजार पूर्वाधार, तटबन्ध तथा बाँध निर्माण, सिंचाईका पूर्वाधारहरु लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धि पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

**(ञ) "सामुदायिक पूर्वाधार"** भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही समुदायवाट निर्माण हुने सिंचाई पूर्वाधार, उत्पादन तथा प्रशोधन पूर्वधार, कृषि बजार पूर्वाधार लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्बन्धि पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

**(ट) "निजी पूर्वाधार"** भन्नाले कृषक वा फार्म/कम्पनीवाट निर्माण हुने साना सिंचाई, नर्सरी स्थापना, संरक्षित संरचना जस्ता उत्पादन, प्रशोधन तथा बजार सम्बन्धि विभिन्न निजी प्रयोजनका पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

**(ठ) "निर्देशक समिति"** भन्नाले अनुदान प्रवाहको प्रक्रिया सहजिकरण गर्नका लागि दफा ६ बमोजिमको समिति सम्झनुपर्छ ।

**(ड) "बैङ्क"** भन्नाले नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त कम्तिमा "घ" बर्गको बर्गको बैंक तथा वित्तिय संस्था सम्झनुपर्छ ।

**(ढ) "मन्त्रालय"** भन्नाले नेपाल सरकारको कृषि क्षेत्र हेर्ने संघीय मन्त्रालय सम्झनु पर्छ ।

**(ण) "प्रदेश मन्त्रालय"** भन्नाले प्रदेश स्थित कृषि क्षेत्र हेर्ने प्रदेश मन्त्रालय सम्झनुपर्छ ।

**(त) "सम्बन्धित कार्यालय"** भन्नाले जिल्ला स्थित मर्चवारीमाई गाउँपालिकाको कार्यालय/कृषि शाखा/वडा कार्यालय सम्झनुपर्छ ।

**(थ) "बाली उपचार शिविर"** भन्नाले कृषकको विभिन्न बालीनालीमा आईपर्ने प्राविधिक समस्याहरुको सम्बन्धित प्लान्ट डाक्टरले प्रकृयागत तबरले पहिचान गरी व्यवस्थापनको लागि सिफारिस उपलब्ध गराउने कार्यक्रमलाई बुझ्नुपर्छ ।

**(द) "प्लान्ट डाक्टर"** भन्नाले बाली उपचार शिविर संञ्चालन गर्ने दक्ष प्लान्ट क्लिनिक तालिम लिएको कृषि प्राविधिक बुझ्नुपर्छ ।

**(ध) "शिविर सहजकर्ता"** भन्नाले बाली उपचार शिविर सञ्चालन गर्दा प्लान्ट डाक्टरलाई सहजीकरण गर्ने प्राविधिक ब्यक्ति बुझ्नुपर्छ ।

**(त) "उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्ष बुझ्नुपर्छ ।

**३. उद्देश्यः** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको उद्देश्यहरु देहाय बमोजिम हुनेछनः

**(क)** मर्चवारीमाई गाउँपालिका कृषि शाखाको कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरी एकरुपता कायम गर्ने ।

**(ख)** मर्चवारीमाई गाउँपालिका कृषि शाखाको कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरुलाई सु-सूचित गर्ने ।

**(ग)** मर्चवारीमाई गाउँपालिका कृषि शाखाको कार्यक्रमहरुको निर्देशन, अनुगमन एवं प्रगति प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउन ।

## परीच्छेद- २

## व्यवस्थापकीय पक्ष

**४. अनुदान उपलब्ध गराउन सक्नेः** मर्चवारीमाई गाउँपालिका कृषि शाखाको स्वीकृत कार्यक्रम बमोजिम यस कार्यविधिको परिच्छेद- ३ मा उल्लेखित कार्यक्रमहरुको उद्देश्य, प्रमुख क्रियाकलापहरु र न्युनतमशर्त/मापदण्ड/प्रासङ्गिक विषय अनुसार प्रासार सेवा, कृषकहरुको क्षमता अभिबृद्धि, सीमान्त/व्यवसायिक कृषक सम्बन्धि कार्यक्रम तथा आवश्यक्ता अनुसार विभिन्न फलफुल, तरकारी, खाद्यन्न, तेल/दाल बाली व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न, वालीसंरक्षण (च्याउ, मौरी, रेशम) कार्यक्रम/सेवा, वागवानी विकासका कार्यक्रमहरु, शिविर/दिवस कार्यक्रम/सेवा, माटो सम्बन्धि विभिन्न कार्यक्रम/सेवा, प्राङ्गरिक खेती/कृषि प्रवर्द्धन कार्यक्रम/सेवा, कृषि यान्त्रकीकरण कार्यक्रम, व्यवसायिक फलफुल (केरा, कागती, आँप, लिची, अम्बा) प्रावर्द्धन कार्यक्रम, विभिन्न कृषि समाग्रि वितरण कार्यक्रम लगायतका अन्य कृषि सम्बन्धि क्रियाकलापहरुमा अनुदान उपलब्ध गराउन सक्नेछ ।

**५. अनुदान रकमको सीमा र प्रतिशतः** मर्चवारीमाई गाउँपालिका कृषि शाखाको स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरुको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः

**(क)** सार्वजनिक निकायवाट सञ्चालन गरिने कृषि पुर्वाधार निर्माण (सार्वजनिक कृषि पूर्वाधार) को हकमा अधिकतम १००% हुनेछ ।

**(ख)** कृषक समूह/कृषि उद्यमी वा कृषि सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु वा कृषि उद्यमी वा लाभग्राहीहरुलाई कृषि प्रयोजनका कृषि पूर्वाधारहरु, सिंचाईमा प्रयोग हुने विभिन्न कृषि समाग्रीहरु तथा सोही प्रावृतिको समाग्रीहरुको हकमा अधिकतम अनुदान ८५% हुनेछ र भारी उन्त्र उपकरणहरुमा अधिकतम ५०% हुनेछ ।

**(ग)** बीउ, वेर्नाको तथा सोही प्रावृतीका कृषि समाग्रीहरुमा अधिकतम ५०% हुनेछ ।

**(घ)** प्रविधि प्रसार तथा तालिम गोष्ठी उपचार शिविर विभिन्न दिवस कार्यक्रम जस्ता सार्वजनिक निकायवाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ ।

**(ङ)** विभिन्न मिनिकिट, बालीसंरक्षण अन्तर्गतका (जैविक विषादी, प्राङ्गरिक विषादी, शुक्ष्मपोषक तत्व, विभिन्न पासो) लगायत विभिन्न समाग्रीहरु, तालिम कार्यक्रम अन्तर्गतका समाग्रीहरु, च्याउको विउ, बाली उपचार शिविरका विभिन्न समाग्रीहरु जस्ता समाग्रीहरु वितरण समेतमा १००% र सार्वजनिक निकायवाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ ।

**(च)** उपदफा (क), (ख), (ग) मा उल्लेख भएको अनुदानको सिमा भित्र रही सो मा अधिकतम लागत व्यहोर्ने गरी पेश भएका प्रस्तावलाई प्राथमिकता दिनुपर्नेछ ।

**६. निर्देशक समितिः** (१) मर्चवारीमाई गाउँपालिका कृषि शाखा मार्फतका सञ्चालन हुने विभिन्न तालिम, गोष्ठी, विभिन्न कृषि संग सम्बन्धित समाग्रीहरु

वितरण कार्यक्रम तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण तथा सम्पन्न गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

| | | |
|---|---|---|
| **(क)** | उपाध्यक्ष गाउँपालिका | संयोजक |
| **(ख)** | प्रमुख प्रशासकीय अधिकृत गाउँपालिका | सदस्य |
| **(ग)** | प्रमुख कृषि शाखा गाउँपालिका | सदस्य सचिव |

**(२)** निर्देशक समितिले आवश्यकता अनुसार बढीमा २ जना सम्म विषय विज्ञ वा सरोकारवाला निकाय प्रमुख वा प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ साथै समितिको बैठक वस्दा दिनको १००० का दरले बैठक भत्ता उपलब्ध गराईनेछ ।

**(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

**(क)** मर्चवारीमाई गाउँपालिका कृषि शाखाको कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा कार्यक्रम सम्पन्नतामा सहजीकरण गर्ने,

**(ख)** मर्चवारीमाई गाउँपालिका कृषि शाखाको कार्यक्रममा वडा कार्यालय संग समन्वय गर्ने,

**(ग)** मर्चवारीमाई गाउँपालिका कृषि शाखाको कार्यक्रम सञ्चालन, सुचना प्रकाशन, लाभग्राही नमावाली छनौट, सम्झौता तथा कार्यदेश, कार्यक्रम अनुगमन मूल्याङ्कन, कार्यान्वयनको समिक्षा तथा मूल्याङ्कन, भुक्तानी सिफारिस लगायत अन्य आवश्यक सम्पुर्ण कार्य गर्ने,

**(घ)** यस कार्यविधिमा आवश्यक संसोधनका लागि कार्यपालिकालाई सिफारिस गर्ने,

**(ङ)** कार्यक्रम सञ्चालनका सम्बन्धमा आइपरेका समस्याहरुको सम्बोधन तथा समाधानमा सहजीकरण गर्ने,

**(च)** यस कार्यविधि अनुसार गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्न तथा गराउने ।

**(४)** निर्देशक समितिको बैठक एक आर्थिक वर्षमा समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यक्ता अनुसार बस्नेछ ।

**(५)** निर्देशक समितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धि अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. माग सङ्कलनः** (१) यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन लक्षित बर्ग/कृषक/कृषक समूह/कृषि सहकारी/फार्म/कम्पनी वाट माग सङ्कलन गर्न अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) कार्यविधिको परिच्छेद- ३ अन्तर्गतका विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आधारभुत/प्रासङ्गिक पक्ष पुरा गर्ने गरि ईच्छुक निवेदकले अनुसुची- २ बमोजिमको आवेदन पेश गर्नुपर्नेछ ।

**८. लाभग्राही छनौटः** (१) स्थानिय तहको कृषि कार्यक्रम सञ्चालनको लागि दफा ६ बमोजिमको समितिले मर्चवारीमाई गाउँपालिकामा कृषि शाखामा दर्ता हुन आएका प्रस्तावहरु रीत पूर्वकका कागजातहरु अध्यायन, मूल्याङ्कन गरि आवश्यक भए फिल्ड निरिक्षण समेतको आधारमा लाभग्राही छनौट गर्ने, समितिको बैठकमा आवश्यक्ता अनुरुप विषयसँग सम्बन्धित पदाधिकारी, विज्ञ, संघ एवं प्रदेश सरकारको जिल्ला स्थित कार्यालय/फार्म केन्द्रका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

दफा ६ उपदफा १ बमोजिम गठित समितिले निम्न बमोजिम काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क)** यस कार्यविधि बमोजिम मूल्याङ्कन र छनौटको आधारहरु तयार गर्ने,

**(ख)** प्राप्त निवेदनहरुको मूल्याङ्कन र आवश्यक परे स्थलगत अनुगमन गरी अनुदानग्राही छनौट गर्ने,

**(ग)** छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि सिफारिस गर्ने,

**(घ)** सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने,

**(ङ)** अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न सिफारिस गर्ने,

**(च)** सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने,

**(छ)** कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण गर्ने ।

**९. अनुदान प्रवाहः**(१) स्वीकृत कार्यक्रम अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धी व्यवस्था दफा ५ अनुसार मर्चवारीमाई गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**(२)** यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले स्ञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भुक्तानी विधि उल्लेख गरी सम्बन्धित मर्चवारीमाई गाउँपालिका कार्यालयले अनुदानग्राही सँग सम्झौता गर्नेछ ।

(३) अनुसूची- ३ अनुसार हुने सम्झौता बमोजिम सम्बन्धित कार्यालयले अनुदानग्राहीलाई अनुदान भुक्तानी गर्नेछ ।

(४) सम्झौता बमोजिम अनुदानग्राहीको तर्फवाट व्यहोर्नु पर्ने/लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि आवश्यकता अनुसार सम्झौता गर्नु पर्ने अघि सम्बन्धित पक्षवाट लगानी गर्नुपर्ने रकम बरावरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंक ग्यारेन्टी वा जगेडा कोष वा पूँजी प्रमाणित हुने कागजपत्र) सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(५) अनुदानलाई कृषक मैत्री बनाउन माग भएको समाग्री र उपकरणको आधार, गुणस्तर र प्रति एकाई मूल्यको सूचना माग गरी कम्तिमा ३ आपूर्ती कर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुओस्तर र मूल्य अनुरुप सबैभन्दा कम दररेटका आधारमा अनुदान रकम निर्धारण गरिनेछ । अनुदानग्राहीले सूची सार्वजानिक गरिएका आपूर्तिकर्तामध्ये आफूले चाहेको व्राण्डको आपूर्ती कर्तावाट तोकेको मूल्य तिरी

सामग्री वा उपकरण खरिद गर्न सक्ने छ । यसरी खरिद गरेको अवस्थामा पनि अनुदानको रकम भने सम्बन्धित कार्यालयले निर्धारण गरेको भन्दा बढी हुने छैन ।

**१०. अनुदानको भुक्तानीः** (१) नगद अनुदान दिईने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैंङ्क खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ । कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गरिनेछ ।

**११. अनुगमन र मूल्याङ्कनः** कार्यक्रमको अनुगमन दफा ६ को उपदफा ३ बमोजिम हुनेछ ।यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

## परिच्छेद- ३

## मर्चवारीमाई गाउँपालिका कृषि शाखाको स्वीकृत कार्यक्रमहरु र सञ्चालनका प्राविधिक पक्ष

यस परिच्छेदमा आर्थिक वर्ष अनुसार स्वीकृत भएका कार्यक्रमहरुको कार्यक्रमगत परिचय, उद्देश्य, कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने प्रमुख क्रियाकलाप, पालना गर्नुपर्ने न्युनतम मापदण्ड/प्रासङ्गिक विषयजस्ता प्राविधिक पक्षहरुको बारेमा उल्लेख गरिएको छ।

### १२. कार्यक्रमको नामः व्यावसायिक तरकारी खेतीमा अनुदान कार्यक्रम/व्यावसायिक केरा, फलफुल प्रवर्धन कार्यक्रम

**(१) परिचयः** मर्चवारीमाई गाउँपालिकाका विभिन्न वडाहरुमा तरकारी/केरा फलफुल खेती लाई व्यवसायिक रुपमा बढवा दिई पलिकालाई ताजा तरकारी तथा फलफुलमा

अत्मनिर्भर बनाई यस क्षेत्र वाहेकका क्षेत्रहरुमा समेत निर्यात गराउन गर्ने हेतु यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्यः**

१. कृषकहरुलाई व्यवसायिक रुपमा अत्मनिर्भर वनाउने ।

२. यस क्षेत्रलाई ताजा तरकारीमा अत्मनिर्भर वनाउने ।

३. ताजा तरकारीको यस क्षेत्रवाट अन्यत्र निर्यात वढाउने ।

४. धेरै भन्दा धेरै आय-आर्जन गर्न ।

५. ताजा केरा/फलफुल उत्पादनमा अत्मनिर्भर बनाउन ।

**(३) लक्षित समूहः**

(क) व्यवसायिक (कल्स्टर, क्षेत्र, पकेट) बाली विशेषमा तरकारी/केरा फलफुल खेती प्राविधिको अनुशरण तथा विस्तार गर्न ईच्छुक कृषक/फार्म, कृषक समूह, कृषि सहकारी, सहकारी, निजि फार्महरु, निजि कम्पनीहरु लगायतमा ।

(ख) बजार आसपास, तथा संभाव्य अन्य क्षेत्रमा व्यवसायिक उत्पादन क्षेत्र, सिंचाई तथा सडकको सहज पहुँच भएका एवं सघन खेती प्रणाली खेती प्रणाली भएका क्षेत्रमा व्यवसायिक तरकारी/केरा फलफुल खेती गर्न ईच्छुक वा गरिरहेको कृषक, कृषक समूह, कृषि सकहारी, सहकारी, निजि फार्म तथा कम्पनीहरु ।

(ग) कुनै एउटा क्षेत्रमा एक जातको बाली विशेष तरकारी/केरा फलफुल खेती गर्न ईच्छुक/पहिले वाटै गर्दै आएको, कृषक, कृषक समूह, कृषि सहकारी, सहकारी, निजि फार्म तथा कम्पनीहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः**

(क) व्यवसायिक तरकारी/केरा फलफुल खेतीको अनुशरण तथा विस्तार सम्बन्धि सचेतना अभिवृद्धि

(ख) व्यवसायिक तरकारी/केरा फलफुल खेती प्रविधिको अनुशरण तथा विस्तार कार्यमा सहयोगी क्रियाकलापहरु (वेर्ना उत्पादनका वस्तुहरु, बालीसंरक्षणका बस्तुहरु, तरकारी/केरा फलफूल खेतीमा प्रयोग हुने विभिन्न उपकरणहरु, सिंचाईको लागि प्रयोग हुने विभिन्न उपकरणहरु, विभिन्न शुक्ष्म पोषक तत्वहरु, वारबन्देज लगायतका समाग्रीहरु)

(ग) व्यवसायिक तरकारी/केरा फलफुल खेती मोडेल कृषि फार्म स्थापना ।

(घ) तरकारी/केरा फलफुल खेती उत्पादन प्रवर्द्धन गर्ने सहयोगी क्रियाकलापहरु

(ङ) व्यवसायिक तरकारी/केरा फलफुल खेतीमा विविधिकरण, मूल्य अभिबृद्धि तथा बजारिकरण गर्ने कार्यमा सहयोग ।

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) ताजा तरकारी/केरा फलफुलको उत्पादन बढ्ने ।

(ख) यस क्षेत्रवाट ताजा तरकारी/केरा फलफुल अन्यत्र निर्यात गरि धेरै भन्दा धेरै आर्थिक आय आर्जन गर्न ।

(ग) व्यवसायिक तरकारी/केरा फलफुल खेती उत्पादनले रोजगारी समेत बढ्ने ।

(घ) मानव स्वास्थ्यमा साकरात्मक प्रभाव पर्ने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यविधिको परिच्छेद- २ को दफा ५ बमोजिम हुनेछ ।

**(७) न्युनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) **तरकारी खेती/व्यावसायि केरा फलफुल खतीमा अनुदान तथा सझेदारी कार्यक्रमः**

(अ) तरकारी खेतीमा अनुदान तथा साझेदारी कार्यक्रम गर्न एकल फार्म/कम्पनी/कृषक भएमा कम्तिमा पनि १० कठ्ठा जमिनमा, कृषक समूह/कृषि सहकारी/सहकारीहरु भएमा कम्तिमा पनि ५० कठ्ठा जमिनमा तरकारी खेती गरेको तथा गर्नु पर्नेछ ।केरा खेती/फलफुलमा एकल फार्म/कम्पनी/कृषकको हकमा २० कठ्ठा समुहगत भएमा १०० कठ्ठामा केरा/फलफुल खेती गरेको तथा गर्नु पर्नेछ ।क्षेत्रफलको विषयमा आफ्नै जग्गा वा (वडाको रोहवरमा ५ वर्ष भन्दा वढी समयको लागि लिजमा लिएको जग्गा मंजुरिनामा भएको हुनु पर्नेछ यो शब्दले हरेक खेती/अनुदानको लागि पुग्नेछ) ।

(आ) एकल फार्म/कम्पनी/कृषक वा कृषक समूह/कृषि सहकारी/सहकारीहरुले एउटै क्लष्टरमा धेरै जमिनमा उत्पादन गर्ने/गरी दर्ता हुन आएका प्रस्ताव तथा फार्म/ कृषक/कृषक समूह/कृषि सहकारी/सहकारी/कम्पनीलाई प्राथमिकता दिनुपर्नेछ ।

(इ) अन्य कुनै निकाय/कार्यालय वाट अनुदान नपाएको फार्म/कम्पनी/कृषक वा कृषक समूह/कृषि सहकारी/सहकारीहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

(ई) अन्य कुनै निकाय/कार्यालय वाट सोही आर्थिक वार्षमा अनुदान पाएका फार्म/कम्पनी/कृषक/कृषक समूह/कृषि सहकारी/सहकारीहरुलाई यस अनुदान कार्यक्रममा सहभागी गराउने छैन ।

(ख) **नमुना प्रदर्शन कार्यक्रमः** मर्चवारीमाई गाउँपलिका कृषि शाखाले प्रदर्शन को रुपमा यो कार्यक्रम कृषक/कृषक समूह/कृषि सहकारी/सहकारीहरुको साझेदारीमा देहाय बमोजिम सञ्चालन गर्नेछ ।

(अ) मर्चवारीमाई गाउँपलिका कृषि शाखाले तरकारी बालीमा क्षेत्र निर्धारण गर्दा कृषक/फार्म/कम्पनीको हकमा १० कठ्ठाको एक क्लष्टर र कृषक समूह/कृषि सहकारी/सहकारीहरुको हकमा २० कठ्ठा हुने तथा धान, गँहू बालीमा कृषक/फार्म/कम्पनीको हकमा ३० कठ्ठा र कृषक समूह/कृषि सहकारी/सहकारीहरुको हकमा ६० कठ्ठा हुने गरी निर्णय गर्नु पर्नेछ ।

(आ) कुनै एक कृषक/फार्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/सहकारीहरुको एक वाटै वडामा क्लष्टर नपुगेमा सिमाना जोडिएका दुई वडाहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(इ) छनौट गर्दा पशुपलान गरेका कृषक/फार्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/सहकारीहरुलाई प्राथमिकता दिईनेछ ।

(ई) छनौट गर्दा तोकिएको क्षेत्रफल भन्दा बढी क्षेत्रफल भएको प्रस्तावलाई प्राथमिकता दिईनेछ

(ग) **कृषकहरुलाई विभिन्न कृषि विषयका तालिम कार्यक्रमः (१)** मर्चवारीमाई गाउँपलिका कृषि शाखाले, व्यवसायिक तरकारी खेती, व्यवसायिक च्याउ खेती, धान र गँहू खेती, व्यवसायिक फलफुल खेती, बालीसंरक्षण अन्तर्गत विषादी सम्बन्धि, प्राङ्गरिक खेती, तोरी मसुरो आलु लगायत विभिन्न कृषि कार्य गर्ने कृषक/कृषक समूह/कृषि सहकारी/ फार्म/कम्पनि/सहकारीहरुलाई सहभागी गराउने गरि कार्यक्रम सञ्चालन गर्नेछ ।

**(२) उद्देश्यः**

क. कृषकहरुलाई प्राविधिक ज्ञानमा पूर्ण वनाउने ।

ख. कृषकहरुलाई दक्ष वनाउन ।

ग. कृषि कार्यको लागत घटाउन ।

घ. धेरै भन्दा धेरै आय-आर्जन गर्न ।

**(३) लक्षित समूहः**

(क) व्यवसायिक (कल्स्टर, क्षेत्र, पकेट) बाली विशेष मा तरकारी खेती, च्याउ खेती, फलफुल खेती, वालीसंरक्षण सम्बन्धि विषय वस्तु, दलहन वाली, तेलहन बाली, खाद्यन्न बाली, प्राङ्गरिक खेती लगायतका प्राविधिको अनुशरण तथा विस्तार गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, सहकारी, निजि फार्महरु, निजि कम्पनीहरु लगायत अन्य कृषि संग सम्बन्धित अनुसुची- ५ बमोजिम अवेदन दिएको व्यक्तिहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः** विभिन्न बाली संग सम्बन्धित विषय वस्तुहरु समेटी विभिन्न प्राविधिक कुराहरुको वारेमा कृषकहरुलाई प्राशिक्षण गराउने र अन्तयमा विषय वस्तुसंग सम्बन्धित विभिन्न समाग्रीहरु समेत वितरण क्रियाकलापहरु गर्ने ।

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) मर्चवारीमाई गाउँपालिकाका कृषकहरु सम्बन्धित विषयमा दक्ष हुने।

(ख) नयाँ नयाँ प्रविधिहरु सिक्ने ।

(ग) कृषकहरुको कुल लागत घट्ने ।

(घ) मर्चवारीमाई गाउँपालिकाको विभिन्न वालीहरुमा उत्पादन बढ्ने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

**(७) न्युनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(अ) तरकारी खेती तालिम कार्यक्रममा मर्चवारीमाई गाउँपालिका अन्तर्गतका कृषक/ /फार्म/कम्पनी/कृषि उद्यमीहरुले ३ कठ्ठामा व्यवसायिक रुपमा तरकारी खेती गरेका/ गर्नेलाई तथा कृषक समूह/कृषि सहकारी/सहकारी अन्य कृषि संग सम्बन्धित समूहहरुले व्यवसायिक रुपमा २० कठ्ठामा तरकारी खेती गरेको/गर्ने हरुलाई सहभागी गराई कार्यक्रम सञ्चालन गरिनेछ साथै स्वीकृत कार्यक्रम अनुसार तरकारी सित सम्बन्धित समाग्रीहरु शत प्रतिशत अनुदानमा तालिम कार्यक्रमको लागि छनौट भएका सहभागीहरुलाई वितरण समेत गर्ने सक्नेछ ।

(आ) च्याउ खेती तालिम कार्यक्रमका लागि मर्चवारीमाई गाउँपालिका अन्तर्गतका ईच्छुककृषक/कृषि उद्यमी/कृषक सहकारी/सहकारी/फार्म/कम्पनिहरुलाई कार्यक्रममा सहभागी गराई कार्यक्रम सञ्चालन गरिनु साथै स्वीकृत कार्यक्रम अनुसार च्याउ सित सम्बन्धित समाग्रीहरु शत प्रतिशत अनुदानमा तालिम कार्यक्रमको लागि छनौट भएका सहभागीहरुलाई वितरण समेत गर्ने सक्नेछ ।

(इ) विषादी सम्बन्धि तालिम कार्यक्रमका लागि मर्चवारीमाई गाउँपालिका अन्तर्गतका कृषक/कृषि उद्यमी/फार्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/सहकारी तथा कृषि सम्बन्धि अन्य व्यक्ती कम्तीमा पनि १० कठ्ठामा विभिन्न वाली लगाएको लाई कार्यक्रममा सहभागी गराई कार्यक्रम सञ्चालन गरिनुका साथै स्वीकृत कार्यक्रम अनुसार बालीसंरक्षण/आवश्यक विषादी लगायतका सम्बन्धित समाग्रीहरु शत प्रतिशत अनुदानमा तालिम कार्यक्रमको लागि छनौट भएका सहभागीहरुलाई वितरण समेत गर्ने सक्नेछ ।

(ई) प्राङ्गरिक खेती, व्यवसायिक फलफुल खेती जस्ता तालिम कार्यक्रममा मर्चवारीमाई गाउँपालिका अन्तर्गतका कृषक/कृषि उद्यमी/फार्म/कम्पनीहरुले ३ कठ्ठामा व्यवसायिक रुपमा प्राङ्गरिक खेती र व्यवसायिक फलफुल खेती गरेको/गर्नेलाई तथा कृषक समूह/कृषि सहकारी/सहकारी अन्य कृषि संग सम्बन्धित समूहहरुले व्यवसायिक रुपमा २० कठ्ठामा प्राङ्गरिक खेती र फलफुल खेती गरेको/गर्नेहरुलाई सहभागी गराई कार्यक्रम सञ्चालन गरिनेछ साथै स्वीकृत कार्यक्रम अनुसार प्राङ्गरिक खेती र फलफुल खेती सित सम्बन्धित विभिन्न समाग्रीहरु शत प्रतिशत अनुदानमा तालिम कार्यक्रमको लागि छनौट भएका सहभागीहरुलाई आवश्यकताको आधारमा वितरण समेत गर्ने सक्नेछ।

(ए) धान खेती, गँहू खेती सम्बन्धित तालिम कार्यक्रममा मर्चवारीमाई गाउँपालिका अन्तर्गतका कृषक/कृषि उद्यमी/फार्म/कम्पनीहरुले कम्तिमा पनि ४० कठ्ठामा धान/गँहू खेती गरेको/गर्नेलाई तथा कृषक समूह/कृषि सहकारी/सहकारी अन्य कृषि संग सम्बन्धित समूहहरुले व्यवसायिक रुपमा २०० कठ्ठामा धान/गँहू खेती गरेको/गर्नेहरुलाई सहभागी गराई कार्यक्रम सञ्चालन गरिनेछ साथै स्वीकृत कार्यक्रम अनुसार धान/गँहू खेती संग सम्बन्धित विभिन्न कृषि समाग्रीहरु शत प्रतिशत अनुदानमा

तालिम कार्यक्रमको लागि छनौट भएका सहभागीहरुलाई आवश्यकताको आधारमा वितरण समेत गर्ने सक्नेछ ।

(ऐ) तोरी, मसुरो, आलु, दलहन बाली, तेलहन बाली, संग सम्बन्धित तालिम कार्यक्रममा मर्चवारीमाई गाउँपालिका अन्तर्गतका कृषक/कृषि उद्यमी/फार्म/ कम्पनीहरुले कम्तिमा पनि ३ कठ्ठामा तोरी, मसुरो, आलु, दलहन बाली, तेलहन बाली लगाउने/लगाएकोलाई तथा कृषक समूह/कृषि सहकारी/सहकारी अन्य कृषि संग सम्बन्धित समूहहरुले व्यवसायिक रुपमा ६० कठ्ठामा तोरी, मसुरो, आलु, दलहन बाली, तेलहन बाली लगाउने/लगाएकोलाई सहभागी गराई कार्यक्रम सञ्चालन गरिनेछ साथै स्वीकृत कार्यक्रम अनुसार तोरी, मसुरो, आलु, दलहन बाली, तेलहन बाली संग सम्बन्धित विभिन्न कृषि समाग्रीहरु शत प्रतिशत अनुदानमा तालिम कार्यक्रमको लागि छनौट भएका सहभागीहरुलाई आवश्यकताको आधारमा वितरण समेत गर्ने सक्नेछ ।

(उ) दफा १२ उपदफा ७ (ग) मा उल्लेखित मापदण्डहरुमा कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्तावहरुमा तोकिएको मापदण्डमा बढी क्षेत्रफलमा बाली लगाएकोलाई प्रथमित्ता दिनुका साथै कार्यक्रमको लागि दर्ता आएको प्रस्तावहरुमा सोही आर्थिक वर्षमा अन्यत्र अनुदान नपाएका तथा हाल सम्म अनुदान नपाएकालाई समेत प्रथमित्तामा राख्नेछ।

(घ) **वाली उपचार शिविर कार्यक्रमः (१)** नेपालमा सन २००८ देखि बाली उपचार शिविर कार्यक्रमको शुरुवात गरी किसानहरुलाई सेवा प्रदान गर्दै आएको छ । सरकारी स्तरमा सन २०११ मा तत्कालिन बाली संरक्षण निर्देशनालय र क्याब इन्टरनेशनल बीच ओपचारिक सम्झौता भई प्लान्ट बाइज कार्यक्रम अन्तर्गत बालीउपचार शिविर कार्यक्रम संचालन भएको थियो ।

**(२) उद्देश्यः**

**क.** कृषकको बालीनालीमा लाग्ने रोग/कीरा तथा शत्रुजीव व्यवस्थापनको सही पहिचान गरी फिल्डस्तरमै उपयुक्त प्रविधि सिफारिस गर्ने ।

**ख.** बाली उत्पादनमा हुने क्षति न्युनिकरण तथा उत्पादन लागत कम गराउने ।

**ग.** बाली उपचार शिविरमा प्राप्त नमुनाहरु तथा तिनिहरुको निदानको तथ्याङ्क अभिलेखीकरणले राष्ट्रिय शत्रुजीव सुची तयार हुने र शत्रुजीव जोखिम विश्लेष्णमा सहयोग पुग्ने ।

**घ.** सुरक्षित तथा पञ्जिकृत जीवनाशक जैविक र प्राङ्गरिक विषादीहरु लगायत अन्य सुरक्षित विषादीहरुको न्यायोचित प्रयोग गर्दै वातावरण संरक्षणमा सहयोग पुर्याउने ।

**ङ.** कृषकहरुको प्राविधिक समस्याहरु समाधान गर्न प्राविधिक सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि गर्ने ।

**च.** बालीनालीमा नयाँ शत्रुजीवहरु देखा परेमा समयमै उचित व्यवस्थापनका लागि सचेतना फैलाउन भुमिका खेल्ने ।

**छ.** कृषि प्रसार कार्यक्रमको ओजारको रुपमा कृषि अनुसन्धान र प्रसारलाई कृषकहरुसंग जोड्ने पुलको रुपमा काम गर्ने ।

**ज.** जैविक र प्राङ्गरिक विषादीहरु वितरणले मानव स्वास्थ्य र वातावरण सुरक्षित रहने ।

**(३) लक्षित समूहः**

(क) व्यवसायिक बाली विशेष मा तरकारी खेती, च्याउ खेती, फलफुल खेती, वालीसंरक्षण सम्बन्धि विषय वस्तु, दलहन वाली, तेलहन बाली, खाद्यन्न बाली, प्राङ्गरिक खेती लगायतका प्राविधिको अनुशरण तथा विस्तार गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, सहकारी, निजि फार्महरु, निजि कम्पनीहरु लगायत अन्य कृषि संग सम्बन्धित व्यक्तिहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः** विभिन्न बालीहरुमा लाग्ने रोग/कीराहरु संग सम्बन्धित विषय वस्तुहरु समेटी व्यवस्थापनका विभिन्न प्राविधिहरु खोज्ने तथा सिकाउनुका साथै कृषकहरुलाई विभिन्न बालीमा रोग/कीराहरु संग अवगत गराई सचेत गराउने र विभिन्न विषादीहरु संग सम्बन्धित कुराहरुको वारेमा एक ठाउँमा २ दिने कार्यक्रम सञ्चालन गराउनुका साथै कृषकहरुको समस्या अनुसारका विभिन्न जैविक विषादीहरु, फेरोमेन ट्र्याप, एलो स्टकी ट्र्याप, विभिन्न ल्युरहरु लगायतका आवश्यक कृषि समाग्रीहरु वितरण गर्ने सक्ने ।

**(५) अपेक्षित उपलब्धिहरुः**

**(क)** समयमै कृषकहरुको विभिन्न समास्याहरु समाधान हुने ।

**(ख)** कृषक र प्राविधिक विच परस्पर राम्रो सम्बन्ध हुने ।

**(ग)** वातावरण संरक्षण तथा मानव स्वास्थ्यमा सुधार ल्याउन यस कार्यक्रम प्रभावकारी सिद्ध हुनेछ ।

**(घ)** रासयानिक विषादी तथा मलखादको जथाभावी प्रयोगलाई व्यवस्थित गरी बाली उत्पादन लागत कम हुने ।

**(ङ)** बाली उपचार शिविर सञ्चालन क्षेत्रको रोग कीराको अभिलेख तयार भई भावी बाली संरक्षण कार्यक्रम तय गर्न सहयोग पुग्नेछ ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

**(७) आर्थिक पक्षः**

**(क) बाली उपचार शिविर (प्लान्ट डाक्टरले सञ्चालन गर्ने) पारिश्रमिक**

| क्र.स. | विवरण | इकाइ | परिमाण | नियमित बाली उपचार शिविर | | घुम्ती बाली उपचार शिविर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | (दर रु. प्रति दिन) | जम्मा रकम (रु.) | दर प्रति दिन(रु.) | जम्मा रकम(रु.) | |
| १ | प्रचार प्रसार, व्यानर तथा व्यवस्थापन खर्च, शिविर सञ्चालकहरुको ड्रेस का साथै शिविरमा विभिन्न आवश्यक समाग्रीहरु | पटक | १ | २०००० | २०००० | २०००० | २०००० | पुरै शिविर एक पटक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | प्लान्ट डाक्टर तथा विज्ञ | संख्या | बढीमा २ जना | १६०० | ३२०० | १६०० | ३२०० | दै.भ्र.भ. नियमानुसनर |
| ३ | शिविर सहजकर्ता | संख्या | बढीमा २ जना | ११०० | २२०० | ११०० | २२०० | |
| ४ | शिविर सहयोगी | पटक | १ | ५०० | ५०० | ५०० | ५०० | |
| ५ | शिविर सञ्चालनकर्ता र सहभागी यातायात तथा खाजा खर्च | पटक | १ | ३००० | ३००० | ६००० | ६००० | |
| ६ | शत्रुजीव सम्बन्धी तथ्यपत्र तथा PMDG तथा आवश्यक समाग्री | पटक | १ | २००० ० | २००० ० | २५०० ० | २५०० ० | |
| ७ | तथ्यांक प्रतिवेदन तयार | पटक | १ | १००० | १००० | १००० | १००० | |

**(८) बाली उपचार शिविरमा आवश्यक सामाग्रीहरुः** बाली उपचार शिविर सञ्चालन गर्दा अनुसूचि — ४ मबोजिम समाग्रीहरु आवश्यक पर्नेछ ।

(ङ) **बाली कटानी तथा बाली उत्पादन तथ्याङ्क लिने कार्यक्रमः (१)** नेपाल लगायात अन्य देशहरुमा समेत यस तारिका वाट हरेक बालीको उत्पादनको रेकर्ड लिने गरिन्छ।

**(२) उद्देश्यः**

क. जुनसुकै वालीको उत्पादन लिन सक्ने ।

ख. निर्धारित क्षेत्रफलको उत्पादन लिएर कुल क्षेत्रफलको उत्पादन पत्ता लगाउन सक्ने ।

**ग.** कुनै पनि बालीको उत्पादन बढ्दो वा घट्दो के अवस्थामा रहको छ सो को जानकारी पत्ता लगाउन सहज हुने ।

**घ.** कुनै पनि वाली उत्पादनको विषयमा जानकारी लिई कृषकहरुलाई आवश्यक सल्लाह सुझाव दिन मिल्ने ।

**ङ.** बाली कटानी गर्ना जादा कृषकहरुको अन्य थप समस्या लगायातका विषयमा छलफलको अवसर पाउने ।

**(३) लक्षित समूहः**

(क) यस कार्यक्रममा हरेको बालीको रेकर्ड लिदा कृषि पेशा संग अवद्ध जो सुकै कृषक/कृषक समूह/कृषि सहकारी/सहकारी/निजि फार्म/कम्पनी लगायत अन्य कृषि संग सम्बन्धित व्यक्तिहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः** विभिन्न बाली संग सम्बन्धित विभिन्न क्षेत्रमा लगाईएका वालीहरुको कटाई गराउने, कटाई गराएका बाली कृषकको घरमा ल्याई दाई गरि आएको उत्पादन लाई एक ठाउँ राखी तौल लिने र पछि सुकाई सकेको पनि तौल लिने र रेकर्डको हिसाब मिलाउने कृषक संग अन्य कृषि संग सम्बन्धित विषयमा समेत समन्वय गर्ने, कृषकहरुलाई भ्याए सम्मा खाजा र कटानी गर्दा हुने क्षति को ५०० का दरले प्रति कृषक क्षति पुर्ती समेत दिने ।

**(५) अपेक्षित उपलब्धिहरुः**

**(क)** बाली विशेषको कुल उत्पादन जानकारी लिन सक्ने ।

**(ख)** बालीका विभिन्न समस्याहरु वारे जानकारी गराउन सक्ने ।

**(ग)** विभिन्न रोग, कीराहरुको वारेमा जानकारी गराउन सक्ने ।

**(६) आर्थिक पक्षः** यस कार्यक्रमको लागि बाली कटानी गर्ने कृषकहरुलाई क्षतिपुर्ती वापत प्रति कृषक रु. ५०० का दरले र डाटा लिने (बाली कटानी) गर्ने प्राविधिहरुलाई प्रति दिन १०००/- मा नियम अनुसार कर काटी गरि भुक्तानी गर्नु पर्ने छ ।

**(च) साना सिंचाई तथा कृषि यान्त्रीकरण सहयोग कार्यक्रमः (१)** नेपाल एक कृषि प्रधान देश हो यहाँ विविध किसिमको हावापानी भएकोले यहाँ मौसम अनुसार तथा बेमौसमी दुबै किसिमको खेती गर्न सकिन्छ । मर्चवारीमाई गाउँपालिका एउटा यस्तो गाउँपालिका हो जहाँ लगभग खाद्यन्न बाली, तरकारी बाली, दलहन बाली, तेलहन बाली लगायत

अन्य बालीको खेती एकदम राम्रो हुने क्षेत्र हो प्रायः जसो खेती गर्दा माटो, बीउ विजन, मलखाद, सिंचाई लगायतका कुराहरु महत्वपुर्ण हुन्छन र यस क्षेत्रमा सिंचाईको सुविधा राम्रो गर्न सकियो भने यहाँ उत्पादनमा निक्कै बढोत्तरी गर्न सकिन्छ ।

**(२) नियमन समितिः(साना सिंचाई तथा कृषि यान्त्रीकरण सहयोग कार्यक्रम हकमा मत्र)** मर्चवारीमाई गाउँपालिका योजना शाखा/वडा कार्यालय मार्फत साना सिंचाई वा सम्बन्धित कार्यक्रम तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक नियमन समिति रहनेछ ।

क. गाउँपालिका अध्यक्ष- संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ग. सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य

घ. गाउँपालिका अध्यक्षले तोकेको एक महिला सहित दुई जना कार्यपालिका सदस्य- सदस्य

ङ. योजना शाखा प्रमुख - सदस्य

च. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

नियमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क)** मर्चवारीमाई गाउँपालिका योजना शाखा मार्फत संचालन हुने साना सिंचाई वा सो सम्बन्धित कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने,

**(ख)** मर्चवारीमाई गाउँपालिका योजना शाखाको कार्यक्रममा वडा कार्यालय संग समन्वय गर्ने,

**(ग)** मर्चवारीमाई गाउँपालिका योजना शाखा मार्फत संचालन हुने गाउँपालिकाको हकमा साना सिंचाई कार्यक्रम सञ्चालन, सुचना प्रकाशन संग सम्बन्धित आवश्यक सम्पुर्ण कार्य गर्ने र वडा कार्यालयको हकमा सम्बन्धित वडा कार्यालयले सुचना प्रकाशन, लाभग्राही नमावाली छनौट गरि सम्झौता तथा कार्यदेश, कार्यक्रम अनुगमन मूल्याङ्कन, कार्यान्वयनको समिक्षा तथा मूल्याङ्कन, भुक्तानी सिफारिस लगायत अन्य आवश्यक सम्पुर्ण कार्य गर्नलाई उल्लेखित

कागजात सहित वडा कार्यालयले मर्चवारीमाई गाउँपालिकाको योजना शाखालाई सिफारिस गर्ने ।

**(घ)** कार्यक्रम सञ्चालनका सम्बन्धमा आइपरेका समस्याहरुको सम्बोधन तथा समाधानमा सहजीकरण गर्ने,

**(च)** यस कार्यक्रम अनुसार गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्न तथा गराउने ।

**(३) छनौट समितिः** मर्चवारीमाई गाउँपालिका योजना शाखा/वडा कार्यालय मार्फत साना सिंचाई वा सम्बन्धित कार्यक्रम तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

क. गाउँपालिका अध्यक्ष- संयोजक

ख. गाउँपालिका उपाध्यक्ष- सदस्य

घ. सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य

ङ. सम्बन्धित वडाको वडा सदस्य- सदस्य

ङ. गाउँपालिका अध्यक्षले तोकेको एक महिला जना कार्यपालिका सदस्य- सदस्य

च. प्रशासन शाखा प्रमुख- सदस्य

छ. योजना शाखा प्रमुख- सदस्य सचिव

छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क)** मर्चवारीमाई गाउँपालिका योजना शाखा मार्फत संचालन हुने साना सिंचाई वा सो सम्बन्धित कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने,

**(ख)** मर्चवारीमाई गाउँपालिका योजना शाखाको कार्यक्रममा वडा कार्यालय संग समन्वय गर्ने,

**(ग)** मर्चवारीमाई गाउँपालिका योजना शाखा मार्फत संचालन हुने गाउँपालिकाको हकमा साना सिंचाई कार्यक्रम सञ्चालनमा नियमन समितिले प्रकाशन गरेको सुचना अनुसार दर्ता हुन आएका प्रस्तावहरुको लाभग्राही नमावाली छनौट, सम्झौता तथा कार्यदेश, कार्यक्रम अनुगमन मूल्याङ्कन,

कार्यान्वयनको समिक्षा तथा मूल्याङ्कन, भुक्तानी सिफारिस लगायत अन्य आवश्यक सम्पुर्ण कार्य गर्ने र वडा कार्यालयको हकमा सम्बन्धित वडा समितिले उल्लेखित कार्यक्रमको लागि सुचना प्रकाशन गरि तहाँ कार्यालयमा दर्ता भएका प्रस्तावहरुको लाभग्राही नमावाली छनौट गरि सम्झौता तथा कार्यदेश, कार्यक्रम अनुगमन मूल्याङ्कन, कार्यान्वयनको समिक्षा तथा मूल्याङ्कन, भुक्तानी सिफारिस लगायत अन्य आवश्यक सम्पुर्ण कार्य गर्नलाई उल्लेखित आवश्यक कागजात सहित वडा कार्यालयले मर्चवारीमाई गाउँपालिकाको योजना शाखालाई सिफारिस गर्ने,

**(घ)** कार्यक्रम सञ्चालनका सम्बन्धमा आइपरेका समस्याहरुको सम्बोधन तथा समाधानमा सहजीकरण गर्ने,

**(च)** यस कार्यक्रम अनुसार गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्न तथा गराउने ।

**(४) उद्देश्यः**

क. कृषि उत्पादन बढाने ।

ख. जुन सुकै वेला सिंचाईको सुविधा बढाउने ।

**ग.** बैदेशिक रोजगारीमा लाग्ने युवाहरुलाई कृषि क्षेत्रमा रोजगारी दिलाउने ।

**घ.** कृषि उत्पादनमा लाग्ने कुल लागत घटाउने ।

**ङ.** सिंचाईको क्षेत्रफल बढाउने ।

**(५) लक्षित समूहः**

(क) यस कार्यक्रममा मर्चवारीमाई गाउँपालिकाका क्षेत्र भित्रका रहेका विभिन्न कृषक/कृषक समूह/कृषि सहकारी/सहकारी/निजि फार्म/कम्पनी लगायत अन्य विभिन्न कृषि जान्य वाली लगाउने कृषि संग सम्बन्धित व्यक्तिहरु ।

**(६) प्रमुख क्रियाकलापहरुः** सिंचाई क्षेत्र संग सम्बन्धित हरेक कार्य (सिंचाई बोरिङ्ग जडान, स्यालो ट्युवेल जडान, सोलर पम्पको पुर्ण सेट जडान, सार्वजनिक/सामुदायिक कुलो निर्माण/मर्मत, ईलेक्ट्रिक मोटर पम्प, सिंचाई पम्पसेट, डेलिभरी पाइप खरिद, लगायत सिंचाई अन्य उपकरणहरु, पावर स्प्रे ट्याङ्की खरिद, कृषिमा प्रयोग हुने प्लास्टिक

क्यारेट, ह्याण्ड स्प्रे खरिद, हजारी खरिद लगायत अन्य कृषिमा प्रयोग हुने साना ओजार/उपकरणहरु, बाली विशेष छेक वार संग सम्बन्धित समाग्रीहरु) जडान गर्न सकिनेछ । कृषकहरुको मागका आधारमा सम्बन्धित प्राविधिकवाट उपयुक्त सिंचाई स्किमको वा सम्बन्धित स्किमको स्पेसिफिकेसन र लागत अनुमान तयार गरी लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्न सकिनेछ ।

**(७) अपेक्षित उपलब्धिहरुः**

**(क)** बाह्रै महिना सिंचाई पुर्याउन सक्ने ।

**(ख)** धान बालीको दुई वाट सम्म बाली उत्पादन गर्न सकिने ।

**(ग)** मर्चवारीमाई गाउँपालिकाको कुल कृषि उत्पादन बढाउन सक्ने ।

**(८) आर्थिक पक्षः** यस कार्यक्रमका लागि निम्न अनुसारको अनुदान दिन सकिनेछ ।

- सिंचाई बोरिङ्ग जडानमा अधिकतम ८५ प्रतिशत अनुदान ।
- सोलर पम्पको पुर्ण सेट जडान, सार्वजनिक/सामुदायिक कुलो निर्माण/मर्मत, ईलेक्ट्रिक मोटर पम्प, सिंचाई पम्पसेट लगायत अन्य सिंचाईका उपकरणहरु, बाली विशेष छेक वार संग सम्बन्धित समाग्रीहरुमा ५० प्रतिशत अनुदान
- पावर स्प्रे टयाङ्की वा सो सरहका कृषि उपकरणहरु, कृषिमा प्रयोग हुने प्लास्टिक क्यारेटमा ७५ प्रतिशत अनुदान ।

## अनुसूची- १

## (परिच्छेद २ को दफा ७ (१) सँग सम्बन्धित)

## ..........................कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना (नमूना)

सूचना । सूचना।। सुचना ।।।

यस .............................. को आर्थिक वर्ष................. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ................ कार्यक्रम/अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा मर्चवारीमाई गाउँपालिका रुपन्देहीका कृषि व्यवसाय एवं सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषकवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ................. दिन भित्र मर्चवारीमाई गाउँपालिका कार्यालयमा तपसिल अनुसारका कागजातहरु संगलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको वेबसाइट...................... वा फोन नं......................... मा सम्पर्क गर्न सकिनेछ ।

**आवश्यक कागजातहरु:**

१. संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि,
२. कृषि व्यवसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव (व्यवसायिक उत्पादनको हकमा),
३. निजी फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकापी,
४. निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित वडा कार्यालयको सिफारिस,
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि,
६. प्रतिबद्धता पत्र,
७. आयोजना सम्बन्धि अन्य आवश्यक कागजातहरु ।

## अनुसूची- २
## (परिच्छेद २ को दफा ७ (२) सँग सम्बन्धित)
## अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)

मितिः२०८३/०१/

विषयः- अनुदान उपलब्ध गराई दिनहुने सम्बन्धमा ।

श्रीमान प्रमुख प्रशासकीय/कृषि शाखा प्रमुख ज्यू
मर्चवारीमाई गाउँपालिका
रायपुर, रुपन्देही
महोदय,

तहाँ कार्यालयवाट मिति २०८३/०१/..... मा कार्यालयको सुचना पाटी/वेवसाईट/फेसबुक पेजमा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ......................................... कार्यक्रममा म/हामी निवेदक कृषि कार्यलाई सहज, सरल, ताजा उत्पानमा बृद्धि, कृषिमा अत्मनिर्भर, आर्थिक आय अर्जनमा बृद्धि, मर्चवारीमाई गाउँपालिकालाई सम्बन्धित क्षेत्रमा आत्मनिर्भर, यस क्षेत्रको ताजा उत्पादन अन्यत्र निर्यातमा बढोत्तरी जस्ता उद्देश्यले कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा मर्चवारीमाई गाउँपालिकाले तोके अनुसारको कागजात संलग्न राखी अनुदान कार्यक्रममा सहभागी हुनका लागि अनुदान उपलब्ध गराइ दिनहुन श्रीमान समक्ष अनुरोध गर्दछौं/छु ।

तपसिलः
अनुदानग्राहीको नामः
ठेगनाः
स्थानिय तहको नामः

वडा नं.

कार्यक्रमको नामः

अनुदान रकम आवश्यक पर्नुको कारणः

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमवाट लाभान्वित जनसंख्याः

निवेदक

कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फार्म/उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन नं.

मितिः

संस्थाको छापः

# अनुसूची- ३

## (परिच्छेद २ को दफा ९(३) सँग सम्बन्धित )

## सम्झौताको ढाँचा (नमूना)

यो सम्झौता पत्र............................ स्थानिय तह (यस पछि पहिलो पक्ष भनिएको) र ............................कृषि फार्म/उद्यमी कृषक ................................. गा.पा. ........... वडा नं. ........... टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

यो सम्झौता, सम्झौता भएको मिति.......................... देखि प्रारम्भ भएको मानिने छ र यो सम्झौता संलग्न प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघृ सञ्चालन गरि मिति............साल..........महिना........ गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

१. यस सम्झौता बमोजिमको ...................................... कार्यक्रम सञ्चालन सम्बन्धि सम्पुर्ण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ । दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ती वा संस्था मार्फत गराउन पाइने छैन ।

२. सम्झौता बमोजिमको कार्यसञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी.......) र दोस्रो पक्षको लागत सहभागिता रु............. (अक्षरेपी.......) व्यहोरिनेछ ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको.......................... कार्यक्रम अन्तर्गत .......................... व्यवसाय/उद्यम सञ्चालनका लागि सम्झौता समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षवाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले ................. कार्यक्रम अन्तर्गत.................... व्यवसाय सञ्चालन सम्बन्धि कार्यको सार्वजनिक जानकारीका लागि public Audit गराउनुपर्नेछ ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।

७. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

८. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम ................ मिति सम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

९. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

१०. कार्यविधिको खण्डवाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरु ।

११. कार्यक्रमसंग प्रासङ्गिक अन्य विषयहरु (आवश्यक भएमा)

१२. कार्यक्रमको विस्तृत ल.इ.डिजाइन संलग्न बमोजिम हुनेछ (आवश्यक भएमा)

१३. भुक्तानी हुने खाता नम्बरः

नामः

खाता नम्बरः

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरु यस बमोजिम र अन्य कुराहरुमा प्रचलित एन नियम अनुसार हुनेछ ।

| **पहिलोपक्ष** | **दोस्रोपक्ष** |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| मिति | मिति |
| कार्यालयको छाप | संस्थाको छाप |

**रोहवर**

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| मिति | मिति |

मितिः २०.......।....।....... गते

## अनुसूची- ४

## (परिच्छेद ३ को दफा १२(घ) ८ सँग सम्बन्धित )

(क) सुझाव पत्र (Plant Clinic Data Collection Form/Prescription Sheet)।

(ख) हाते लेन्स (Hand Lens) ।

(ग) चक्कु लगायत आवश्यक समाग्रीहरु ।

(घ) सेतो कागज (साना कीराहरु अवलोकन गर्न) ।

(ङ) अखबारको पाना (नमूनाहरु प्याक गर्न) ।

(च) प्लास्टिकका झोलाहरु (नमुनाहरु कार्यस्थल सम्म ढुवानी गर्न) ।

(छ) केन्द्र तथा अन्य संस्थाहरुवाट प्रकाशन भएका बाली विरुवाका शत्रुजीव तथा मित्रजीवहरुको फोटो

(ज) सन्दर्भ सामाग्री (जस्तै PMDGS, तथ्यपत्रहरु, पुस्तिकाहरु, पोस्टरहरु, पर्चाहरु आदि) ।

(झ) कार्यक्रमको लागि ब्यानर ।

(ञ) नमुनाहरु जाँच गर्ने सहजताको लागि कुर्सी, पाल आदि ।

(ट) सम्भव भए सम्म खुला मैदानमा, ल्यापटप, कम्प्यूटर, USB, माइक्रोस्कोप।

(ठ) बाली उपचारमा शिविरमा सहभागी हुने प्लान्ट डाक्टर, शिविर संयोजक, शिविर सहयोगी लगायत अनुगमन तथा अन्य सो संग सम्बन्धित कार्यमा सहभागीहरुको ड्रेस ।

## अनुसूची- ५
## (तालिम कार्यक्रमको लागि अवेदन को ढाचाँ)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू                    मितिः
२०८३/०१/
मर्चवारीमाई गाउँपालिका खैरा, रुपन्देही

बिषयः- प्रस्ताव/निवेदन पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ गाउँपालिकाको मिति २०८३/०१/....... गतेका दिन मर्चवारीमाई गाउँपालिकाको सुचना पाटी/वेवसाइट/फेसबुक पेजमा प्रकाशित सुचना अनुसार **................................तालिम तथा समाग्री वितरण कार्यक्रममा** म/हामी निवेदकले ....... कठ्ठामा .................... खेती गरेकोले इच्छुक भई गाउँपालिकाले तोके अनुसारका कागजातहरु संलग्न राखी कार्यक्रममा सहभागी हुन यो निवेदन पेश गरेको छु/छौं ।

आवेदकको दस्तखतः
आवेदकको नामः
कृषक समूह/कृषि सहकारी/निजी फार्मको नामः
ठेगानाः
मितिः
सम्पर्क नं.